# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८०/०९/२२
बैठक संख्या: १६
समय: बिहान११:०० बजे

अर्थ समितिको आज बसेको बैठकमा सोह्रौं योजनाको तर्जुमा सम्बन्धमा माननीय सदस्य र राष्ट्रिय योजना आयोगका माननीय उपाध्यज्यू लगायतका पदाधिकारी बीच विस्तृत छलफल भयो ।साथै सोह्रौं योजनाको तर्जुमा सम्बन्धमा समितिका माननीय सदस्यहरुबाट विगतका योजनाहरुको उपलब्धि र कमी कमजोरीहरुको समीक्षा गरी प्राथमिकताका आधारमा आगामी सोह्रौं पञ्चवर्षिय योजनाको तर्जुमा गर्नु पर्ने र योजना तजुर्मा गर्दा आजको छलफलमा उठेका तपसील बमोजिमका सुझावहरुलाई समावेश गर्न निर्देशन दिने निर्णय भयो ।

१. नीति तथा कार्यक्रम, योजना र बजेटको सामञ्जस्यता र तादात्मयता हुनुपर्ने गरी आगामी योजना तर्जुमा गर्नु पर्ने ।
२. योजनामा राजनीतिकरण नगरी विकास योजनाका विभिन्न पक्षलाई समेटेर मुलुकको समग्र विकासका लागि आवश्यक, समयसापेक्ष, यर्थाथ, वस्तुपरक र प्रादेशिक सन्तुलनका आधारमा हुनु पर्ने ।
३. बहुआयामिक विकासका संबाहक पक्षहरुलाई केन्द्रमा राखि मुलुकभित्र उत्पादन र रोजगारी श्रृजना गर्ने गरी आगामी योजना तर्जुमा गर्नुपर्ने ।
४. लाभलागतको पूर्ण रुपमा पूर्व अध्ययन र विश्लेषण गरी तुलनात्मक लाभका ठूला योजना/परियोजना संचालन गर्नुपर्ने ।
५. विकास योजनाका नयाँ आयामहरुको खोज गरी त्यस क्षेत्रमा लगानीको वातावरण तयार गर्ने योजना ल्याउनु पर्ने ।
६. विकास निर्माणको प्रक्रियामा नेपालको भौगौलिक अवस्थिति(हिमाली जिल्लालाई विशेष प्राथमिकतामा राखी), आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक रुपमा पछी परेका विभिन्न जातजाति, समुदाय र लक्षित वर्गको सहभागितालाई सुनिश्चिच गरी पूर्वाधार विकासमा जोड दिनु पर्ने ।
७. अबका योजना र लगानी मानव विकासका अधारभूत तत्व जस्तै शिक्षा, स्वास्थ्य र रोजगार केन्द्रित हुनु पर्ने ।

८. स्रोत साधनको आवश्यक पहिचान, अधिकतम उपयोगिता र सही व्यवस्थापन गर्ने गरी उद्देश्य एवं लक्ष्य निर्धारण गरी योजना तर्जुमा हुनु पर्ने।

९. कृषकहरुलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था, कृषि तालिमको व्यवस्था, आधुनिक कृषि प्रणालीमा जोड, कृषि पूर्वाधार निर्माण एव बजार व्यवस्थापन जस्ता कार्यक्रम समावेश गर्नु पर्ने ।

१०. सूचना प्रविधिलाई विकास योजनाका हरेक क्षेत्रमा उपयोग गर्ने गरी समावेश गर्नु पर्ने ।

११. राष्ट्रिय आयोजना बैंकको अवधारणालाई यसको सिद्धान्त र मर्म अनुरुप व्यवहारिक कार्यान्वयन तर्फ जोड दिनुपर्ने ।

१२. अबका विकास योजनाहरु जलवायु र वातावरणमैत्री हुने गरी र दिगो विकासका लक्ष्यलाई हासिल गर्ने गरी निर्माण गर्नु पर्ने ।

समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

..............................
रेखा उपाध्याय खनाल
समिति सचिव

..............................
सन्तोष चालिसे
सभापति